# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८०।११।१७

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ प्यूठान शाखाका सदस्य पदमप्रसाद पोखेललाई समाचार संकलनका क्रममा काठमाडौं महानगरपालिकाको नगर प्रहरीले आक्रमण गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ प्यूठान शाखाका अनुसार फागनु १६ गते बुधवार साँझ काठमाडौंको सुन्धारामा महानगर प्रहरीले सडक व्यापारीहरूलाई बलपूर्वक हटाइ रहेको थियो । सोही विषयको भिडियो खिचिरहेको अवस्थामा पत्रकार परिचयपत्र देखाउँदा देखाउँदै पनि नगर प्रहरीले आक्रमण गर्दै पत्रकार पोखेलको मोबाईलफोन, क्यामेरा, ल्यापटप तथा अन्य कागजपत्रहरु जफत गरेको शाखाले जनाएको छ ।

नागरिकलाई सुसूचित गराउने जिम्मेवारी वहन गर्ने पत्रकारलाई नगर प्रहरीले गरेको यो हर्कत अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो । महासंघ घटनामा संलग्न नगर प्रहरीलाई कारबाहीको दायरामा ल्याउन तथा संविधानप्रदत्त प्रेसको अधिकारको ख्याल गरी आगामी दिनमा यस प्रकारका घटना दोहोरिन नदिन आवश्यक कदम चाल्न र जफत गरिएका सामाग्री फिर्ता गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव